यो आकाशवाणी हो

प्रमुख समाचार

- राष्ट्रपति द्रौपदी मुर्मु अहिले वीरता पुरस्कार प्रदान गर्नुहुँदै
- नयाँ दिल्लीमा इण्डिया ब्लकको बैठक सम्पन्न
- पश्चिम बंगालमा आयुष्मान भारत प्रधानमन्त्री जन आरोग्य योजना लागू
- प्रधानमन्त्रीले दिनुभयो निकोल पशिनयानलाई जीतका निम्ति बधाई अनि
- देशमा काँचो तेल, LPG र प्राकृतिक ग्यासको आपूर्ति सामान्य रहेको मन्त्रालयको भनाइ

----------

- **President's Gallantry Award**

राष्ट्रपति द्रौपदी मुर्मु अहिले सशस्त्र बल, केन्द्रिय सशस्त्र पुलिस बल र पुलिस बल तथा केन्द्रशासित प्रदेशका पुलिस कर्मीहरूलाई वीरता पुरस्कार प्रदान गरिरहनुभएको छ। समाचार तयार पार्दासम्म यो कार्यक्रम चलिरहेको थियो। यी पुरस्कार राष्ट्रपति भवनमा आयोजित रक्षा अलंकरण समारोहमे प्रदान गरिँदैछ। लेफ्टनन्ट कमाण्डर सूरज पाराशर, लेफ्टनन्ट कर्नल नीतीश भारती शुक्ला, मेजर आदित्य प्रताप सिंह, इन्स्पेक्टर लक्ष्मण केवट र रामेश्वर दुर्गा देशमुखलाई शौर्य चक्रले सम्मानित गरियो। कार्यक्रममा उपराष्ट्रपति CP राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, रक्षा मन्त्री राजनाथ सिंह र अन्य केन्द्रिय मन्त्री तथा सशस्त्र बलका वरिष्ठ अधिकारीहरू उपस्थित छन्।

--------------------------------------X--------------------------------------

- **INDIA Meeting**

नयाँ दिल्लीमा आज बसेको इण्डिया ब्लकको बैठकमा विभिन्न विपक्षी दलका नेताहरूले भाग लिए। यसमा कंग्रेस अध्यक्ष मल्लिकार्जुन खड्गे, वरिष्ठ कंग्रेस नेता राहुल गान्धी, समाजवादी पार्टीका अध्यक्ष अखिलेश यादव, तृणमूल कंग्रेस अध्यक्ष ममता ब्यानर्जी, नेशनल कन्फ्रेसका वरिष्ठ नेता उमर अब्दुल्ला र राष्ट्रवादी कंग्रेस पार्टी (SP) नेता सुप्रिया सुले शामेल थिए। आम आदमी पार्टी र DMK पार्टीसहित केही विपक्षी दल भने बैठकबाट अलग रहे।

श्री खड्गेले बैठकपछि संवाददाताहरूलाई बैठकमा पच्चीसवटा राजनीतिक दलहरूले भाग लिएको बताउँदै भन्नुभयो, विभिन्न मुद्दामाथि चर्चा हुनका साथै सबैले आफ्नो विचार साझा गरे। श्री खड्गेले भन्नुभयो..............

कंग्रेस अध्यक्षले भन्नुभयो, इण्डिया ब्लकका सबै दलको प्रत्येक दुई महिनामा बैठक गर्नमाथि सहमति भयो अनि आगामी बैठक अगस्तमा निर्धारित छ र यो बैठक तेलेंगानाको हैदराबादमा हुनेछ।

अर्कातिर, भारतीय जनता पार्टीले बैठकमाथि प्रतिक्रिया दिँदै इण्डिया ब्लकको जनताबीच विश्वसनीयता कम भएको दावा गरेको छ। पार्टी प्रवक्ता सम्बित पात्राले नयाँ दिल्लीमा संवाददाताहरूलाई सम्बोधन गर्दै भन्नुभयो, जनताले पहिलै विपक्षी गठबन्धनलाई अप्रभावी बनाइसकेका छन् अनि अब उनीहरू यस्ता बैठकको माध्यमबाट आफ्नो प्रासंगिकता पुनः प्राप्त गर्ने प्रयास गरिरहेछन्।

---------------------------------------X---------------------------------------

- WB PM Jai

पश्चिम बंगाल, आयुष्मान भारत प्रधानमन्त्री जन आरोग्य योजना लागू गर्ने देशका छत्तीस राज्य र केन्द्रशासित प्रदेशहरूमा शामेल भएको छ। यस योजनाअन्तर्गत पात्र लाभार्थीहरूलाई माध्यमिक र तृतीयक स्तरका अस्पतालमा भरना हुनका लागि प्रति परिवार प्रति वर्ष पाँच लाख रूपियाँसम्मको स्वास्थ्य बीमा प्रदान गरिन्छ। राष्ट्रिय स्वास्थ्य प्राधिकरण तथा पश्चिम बंगाल सरकारले राज्यमा योजनाको कार्यान्वयनका लागि आज नयाँ दिल्लीमा एउटा समझौता ज्ञापनमा हस्ताक्षर गऱ्यो। केन्द्रिय स्वास्थ्य मन्त्री JP नड्डा र पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीको उपस्थितिमा समझौता ज्ञापनमा हस्ताक्षर गरियो।

पश्चिम बंगालमा आयुष्मान भारत योजनाको कार्यान्वयनबाट राज्यका लाखौं पात्र लाभार्थीहरूलाई स्वास्थ्य सम्बन्धी धेरै खर्चबाट वित्तीय सुरक्षा मिल्नेछ। यसबाट गुणस्तरीय र शुलभ स्वास्थ्य सेवासम्म पहुँच बढ्नका साथै राज्यको स्वास्थ्य सेवा तन्त्रलाई पनि मजबूती मिल्नेछ। यसबारे बोल्दै मुख्यमन्त्री श्री अधिकारीले भन्नुभयो...........

---------------------------------------X---------------------------------------

- PM Armenia Elections

प्रधानमन्त्री नरेन्द्र मोदीले आज आर्मेनियाका प्रधानमन्त्री निकोल पशिनयानलाई संसदीय चुनाउमा उहाँको सिविल कन्ट्रेक्ट पार्टीको जीतमा बधाई दिनुभयो। प्रधानमन्त्री श्री मोदीले सोशल मिडिया सन्देशमा भन्नुभएको छ, यो जीत आर्मेनियाई जनताद्वारा

आफ्ना नेता श्री निकोल पशिनयान र उहाँको विचारमाथि भरोसा र विश्वासलाई दर्शाउँदछ।
प्रधानमन्त्रीले आफू भारत र आर्मेनियाबीच मित्रता र सहयोगको ऐतिहासिक तथा दह्रिलो सम्बन्धलाई अझ अघि बढ़ाउन प्रधानमन्त्री श्री पशिनयानसित मिलेर काम गर्न इच्छुक रहेको बताउनुभएको छ।

--------------------------------------X--------------------------------------

- **Inter Ministerial Press Conference**

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले भनेको छ, पश्चिम एशिया संघर्ष हुँदाहुँदै पनि देशमा काँचो तेल, LPG र प्राकृतिक ग्यासको आपूर्ति पूर्णरूपमा सामान्य रहेको छ। नयाँ दिल्लीमा आज अन्तर मन्त्रालयी प्रेसवार्तामा मन्त्रालयका अपर सचिव प्रवीण खन्नूजाले भन्नुभयो.......................

रसायन तथा उर्वरक मन्त्रालयकी अपर सचिव अपर्णा शर्माले भन्नुभयो, देशमा उर्वरकको भण्डार पनि पर्याप्त मात्रामा उपलब्ध छ। सुश्री शर्माले भन्नुभयो, यस वर्ष खरीफ सीजनका लागि कृषि तथा किसान कल्याण विभागले तीन सय अस्सी लाख मेट्रिक टनभन्दा अधिक उर्वरकको आवश्यकताको अनुमान लगाएको छ। अहिलेसम्ममा किसानले लगभग छ्यासी लाख मेट्रिक टन उर्वरक किनिसकेका छन्।

--------------------------------------X--------------------------------------

- **Goyal-Bhavya Portal**

केन्द्रिय वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले आज देशभरि एक सय औद्योगिक पार्कको विकासमा गति ल्याउन भव्य पोर्टलको शुभारम्भ गर्नुभयो। श्री गोयलले नयाँ दिल्लीमा आयोजित कार्यक्रममा भन्नुभयो, यो पोर्टलले आधुनिक औद्योगिक क्षेत्रको विकासमा सहयोग पुऱ्याउनेछ। उहाँले भन्नुभयो, यसअन्तर्गत शुगम सड़क, रेल र अन्य परिवहन सुविधा, बिजुली तथा पानीको व्यवस्था, डिजिटल प्रशासन, श्रमिकका लागि सुविधा र पर्यावरण अनुकूल विकासमाथि ध्यान दिइनेछ।

केन्द्रिय मन्त्रीमण्डलले यस योजनालाई तेंतीस हजार 660 करोड़ रूपियाँको बजेटका साथ स्वीकृति दिएको छ। भव्य योजनाअन्तर्गत आगामी छह वर्षमा देशमा एक सय विश्वस्तरीय तथा निवेशका लागि तयार औद्योगिक पार्क विकसित गरिनेछ।

--------------------------------------X--------------------------------------

- Birla CPA

लोकसभा अध्यक्ष ओम बिरलाले आज चण्डीगढस्थित हरियाणा विधानसभामा कमनवेल्थ संसदीय संगठन भारत क्षेत्र जोन-दुई सम्मेलनको उदघाटन गर्नुभयो। तीन दिवसीय सम्मेलनमा देशभरिका विधानसभा अध्यक्ष तथा विभिन्न राज्यका विधानसभा प्रतिनिधिले महत्त्वपूर्ण विषयमाथि चर्चा गर्नेछन्। यसमा विकसित भारत 2047-को निर्माणमा जनप्रतिनिधिहरूको भूमिका, कृत्रिम बुद्धिमता (AI) को उपयोग र लोकतान्त्रिक संस्थाहरूलाई अधिक प्रभावी बनाउने जस्ता विषय समावेश छन्।
सम्मेलनमा राज्यसभा उपसभापति हरिवंश पनि उपस्थित हुनुहुन्छ। यसबाहेक तेह्रजना विधानसभा अध्यक्ष, चारजना उपाध्यक्ष र सातजना सचिवले भाग लिइरहेछन्। यस कार्यक्रममा सिक्किम, दिल्ली, गोवा, हरियाणा, हिमाचल प्रदेश, जम्मू-कश्मीर, मध्य प्रदेश, महाराष्ट्र, पञ्जाब, राजस्थान, उत्तर प्रदेश र पश्चिम बंगालसहित बाह्रवटा राज्य अनि केन्द्रशासित प्रदेशका प्रतिनिधि शामेल भएका छन्।

--------------------------------------X--------------------------------------

- Delhi DMA Meeting

दिल्लीका उपराज्यपाल तरनजीत सिंह सन्धू र मुख्यमन्त्री रेखा गुप्ताले आज दिल्लीका अन्य मन्त्रीहरूको साथमा दिल्ली आपदा प्रबन्धन प्राधिकरण विषयमा समीक्षा बैठक गर्नुभयो। बैठकमा अवैध भवनविरूद्ध चलिरहेको अभियान, अग्नि सुरक्षा सम्बन्धी लाइसेन्सको दुरूपयोग र भविष्यको तयारीको व्यापक समीक्षा गरियो। बैठकअवधि दिल्लीको आपदा सम्बन्धी प्रणालीमा सुधार गर्नमाथि जोड़ दिइयो।

बैठकमा अग्निशमन विभागको कार्यबललाई दह्रिलो बनाउन, विद्यमान रिक्ततालाई भर्ना पूर्व अग्निवीरहरूको भर्तीमाथि विचार गर्ने सुझाउ दिइयो। यसका साथै, गत सप्ताह गठित अधिकारीहरूको टोलीलाई समयमा कार्यवाही सम्बन्धी रिपोर्ट (ATR) प्रस्तुत गर्ने निर्देश

दिइएको छ। बैठकमा गर्मीसित सम्बन्धित आपदा प्रबन्धन उपाय र मानसूनको तयारीको स्थितिको पनि समीक्षा गरियो। आगामी वर्षाको मौसममा बाढ़ीको अवस्थामा अतिरिक्त सावधानी, सख्त कार्यान्वयन र शून्य सहिष्णुताको दृष्टिकोण अपनाउन आह्वान गरियो।

--------------------------------------X--------------------------------------

- Akashvan 90 years

आकाशवाणीको आज गौरवशाली नब्बे वर्ष पूरा भएको छ। वर्ष 1936-मा आजकै दिन इण्डिया सेटलाइट ब्रोडकास्टिङ सर्विसलाई अल इण्डिया रेडियो नाम दिइएको थियो। यो दिवस देशको सांस्कृतिक, सूचना र प्रसारण इतिहासमा एउटा विशेष अवसरको रूपमा अंकित छ, जसबाट पीढिहरूसम्म राष्ट्रको चेतनासित जोड़िने वाणीको अभ्युदय भयो।

--------------------------------------X--------------------------------------

- Cricket

भारतले अफगानिस्तानलाई एकमात्र क्रिकेट टेस्ट खेलको तेस्रो दिन पारी र तीन सय रनले हरायो। न्यू चण्डीगढमा खेलिएको प्रतियोगितामा भारतले पहिलो पारी आठ विकेटमा पाँच सय चौंसट रन बनाएर घोषित गरेको थियो। जवाफमा अफगानिस्तानको टोली पहिलो पारीमा एक सय बाहुन रनमा सिमेटियो। यसपछि फलोअन खेल्दै दोस्रो पारीमा पनि अफगानिस्तान एक सय बाह्र रनमात्र बनाउन सक्यो अनि भारतले जित दर्ता गऱ्यो। अन्तरराष्ट्रिय क्रिकेटमा पहिलोपल्ट खेलिरहेका मानव सुथारलाई खेलमा सात विकेट लिएकोमा खेलका उत्कृष्ट खेलाड़ी चयन गरियो।

--------------------------------------X--------------------------------------